सम्पूर्ण मगर विद्यार्थी एक होऔं !
नेपाल मगर विद्यार्थी संघ
Nepal Magar Student's Association
केन्द्रीय समिति, काठमाडौं (Central Committee, Kathmandu)
स्था. २०५१
Address :
G.P.O. Box : 5028, CPC 5080
Phone 00977-1-4219568
E-mail : magar_students@hotmail.com
Website : www.magarstudent.org .np

प.सं.

च.नं.

श्री.................................................ज्यू,

........................................................

**विषय :- परिपत्र जारी गरिएको बारे ।**

नेपाल मगर विद्यार्थी संघ केन्द्रीय समितिको तेश्रो पूर्ण बैठक संघका अध्यक्ष माधवकुमार दर्लामी मगरको अध्यक्षतामा मिति २०६८ पौष १५ र १६ गते नेपाल मगर संघ तनहु जिल्ला समितिको कार्यालय मगर गुमस्ठामा मा बस्यो । नेपाल मगर संघ केन्द्रिय समितिको बाह्र मगरात उपाध्यक्ष डा. देव थापामगरको प्रमुख आतिथ्यमा र सभासद मा. उर्मिला थापामगर (पार्वती) को विशेष आतिथ्यमा सम्पन्न सो बैठकमा संघका महीला उपाध्यक्ष रेनुका काउचामगरले स्वागत गर्नुभएको थियो ।

सो बैठकले निम्न प्रस्तावहरु माथि छलफल गरि सर्वसहमतिले निम्न निर्णयहरु गरेकाले सोको आ-आफ्नो कार्य क्षेत्रमा कडाईकासाथ कार्यान्वयन गर्न, गराउनुहुन यो परिपत्र जारी गरिएको हो ।

**निर्णय नं. १**

नेपाल मगर विद्यार्थी संघको सातौ पूर्ण बैठकमा उपस्थित सम्पूर्ण केन्द्रीय सदस्यहरु, सचिवालय सदस्यहरु र विभागिय प्रमुखहरुबाट आ-आफ्नो कार्य क्षेत्रमा संघको सातौ राष्ट्रिय महाधिवेसनको तयारीमा भए गरेका सांगठानिक कार्यक्रमहरुको रिपोटिङ्ग गरियो । त्यसैगरी संघको कोषाध्यक्षले आर्थिक प्रतिवेदन प्रस्तुत गरी छलफल र सुझाव सहित पारीत गरियो । यस महाधिवेसनलाई भव्य एवं एतिहासिक रुपमा सम्पन्न गर्नको लागि प्रतिनिधी व्यावस्थापनमा विशेष जोड दिने निर्णय गरियो । यसरी प्रतिनीधि व्यावस्थापनलाई व्यवस्थित गरी महाधिवेशनलाई व्यवस्थित गर्नको लागि जुन अञ्चल समितिहरु, जिल्ला समितिहरु, विश्व विद्यालय समितिहरु, विभागहरुबाट प्रतिनिधीत्व गर्ने हो उहाहरुले प्रतिनिधी शूल्क र सदस्यता शूल्क नेपाल मगर विद्यार्थी संघको नेपाल इन्भेष्टमेन्ट बैंकमा रहेको खाता नं. ०३२०१०४०२५०९६२ मा जम्मा गरि यही २०६८ पौष ३० गते सम्ममा संघको केन्द्रिय कार्यालयमा दर्ता गर्ने निर्णय गरियो । यसरी प्रतिनिधी दर्ता गराउदा सम्बन्धित जिल्ला समितिको इन्चार्जको प्रमाणीत हुनुपर्नेछ र प्रतिनीधिले अनिवार्य रुपमा २ प्रति फोटो बुझाउनु पर्नेछ । त्यसै गरी सदस्यता वितरण कार्यक्रमलाई पौष मसान्त सम्म कायम गर्ने र जुन समितिलाई सदस्यता पत्र आवस्यक छ त्यस समितिले सदस्यता शुल्क अग्रिम रुपमा केन्द्रिय समितिमा बुझाउनु पर्नेछ । यस महाधिवेशनमा निम्न अञ्चल भित्रबाट निम्न संख्या नबढाई प्रतिनिधीहरुले प्रतिनिधीत्व गर्ने निर्णय गरियो ।

| **अञ्चल** | **प्रतिनिधी संख्या** |
|---|---|
| बागमती | ५० जना |
| गण्डकी | २८ जना |
| राप्ती | ४५ जना |
| भेरी | ३० जना |
| नारायणी | ४२ जना |
| लुम्बीनि | ४८ जना |
| जनकपुर | ४८ जना |
| धौलागिरी | ४० जना |
| कर्णाली | ५ जना |
| सेती | १५ जना |
| महाकाली | ७ जना |
| मेची, कोशी र सगरमाथा | ४५ जना |

यस कार्यक्रमको बन्दशत्रलाई व्यवस्थित रुपमा अगाडि बढाउनको लागि निम्न व्यक्तित्व रहने अध्यक्ष मण्डल गठन गर्ने निर्णय गरियो ।

१. नेपाल मगर संघ केन्द्रिय समितिको प्रतिनिधी

२. बमकुमारी बुढामगर

३. अधिवक्ता गौ बहादुर आले मगर

४. मा. राम बहादुर थापामगर

५. झकेन्द्र घर्ती मगर

६. भोज विक्रम बुढामगर

७. नरेश खपाङ्गिमगर

८. उमा थापामगर

९. हेमन्त बुढाथोकीमगर

१०. अधिवक्ता सरिता थापामगर

११. लालकुमारी रोकामगर

यस समितिको संयोजक अध्यक्षमण्डलको निर्णय अनुसार चयन गरिनेछ ।

यसै गरि यस कार्यक्रमलाई प्रभावकारी बनाउन र यस कार्यक्रमको अनुगमन गर्नको लागि निम्न सदस्य रहेको अनुगमन तथा सुझाव समिति गठन गर्ने निर्णय गरियो ।

१ मा. शुरेस आलेमगर

२ मा. उर्मिला थापामगर (पार्वती)

३ तारा बहादुर थापामगर

४ यम बहादुर आले मगर

५ शिवलाल थापामगर

६ इन्द्र बहादुर आलेमगर

७ चित्र बहादुर थापामगर

यस महाधिवेशनमा विधानको प्राय सबै प्रावधानहरुलाई यथावत राखेर नयाँ विधानमा थप महीला सचिव, संगठन सचिव, प्रचार प्रचार सचिव र विदेश सचिव थप गरी ५५ सदस्यिय केन्द्रिय समिति बनाउने निर्णय गरियो । यसै गरि नेपाल मगर विद्यार्थी संघको राष्ट्रिय महाधिवेशन तथा राष्ट्रिय भेलाहरुमा प्रत्येक जिल्ला समिति, विश्व विद्यालय समितिको सिफारीसमा १ जना महीला प्रतिनिधी अनिवार्य गरी ३ जना प्रतिनिधीहरुले प्रतिनिधित्व गर्ने र सदस्यता वितरण संख्याको आधारमा थप प्रतिनिधीलाई प्रतिनिधीत्व गराउने निर्णय गरियो । यसरी प्रतिनिधी पठाउदा ३३% प्रतिनिधी महीला हुनु पर्नेछ ।

यसै गरि यस सातौ राष्ट्रिय महाधिवेशनमा आर्थिक प्रतिवेदन कोषाध्यक्ष बलबरि बुढामगरले पेश गर्नुभयो र छलफल सहित पारीत गरियो र साँगठानीक प्रगति प्रतिवेदनलाई व्यापक छलफल गरि लैजाने निर्णय गरियो । यस राष्ट्रिय महाधिवेशनको उद्घाटन समारोहलाई भव्य र एतिहासिक बनाउनको लागि प्रमुख अतिथिको रुपमा नेपाल सरकारको प्रधानमन्त्रीलाई बोलाउने, प्रधानमन्त्रीको समय उपलब्ध नभएमा संविधान सभाको अध्यक्षलाई आमन्त्रण गर्ने र दुवै जनाको समय उपलब्ध नभएमा विशिष्ट मगर मन्त्री ज्यूलाई आमन्त्रण गर्ने निर्णय गरियो । यस कार्यक्रमको समुदघाटन समारोहमा अतिथि व्यावस्थापनको जिम्मा महीला उपाध्यक्ष रेनुका काउचा मगर लाइ दिने निर्णय गरियो ।

**निर्णय नं. २**

अहिलेको परिस्थितीमा नेपालका आदिवासी जनजाति लगायत मगर समुदायको अधिकारलाई सुनिश्चित गर्न र सुरक्षित गर्नको लागि सम्बन्धित समुदाय नै बढि चनाखो र सजग हुनु पर्ने देखिन्छ । यस परिस्थीतिमा नेपालका राजनैतिक दलहरुलाई आत्मनिर्णयको अधिकार सहित जातिय स्वायत्तताको स्थापनाकालागि खबरदारी गर्नु अनिवार्य छ । यसै गरि नेपालका राजनैतीक दलहरुले यस प्रति देखाएको गैरजिम्मेवारी पनको विरोध गर्दै आदिवासी जनजातिको सवालहरुलाई सम्बन्धित समुदायमा प्रशिक्षित गराउदै लैजानु आवस्यक छ । यसरी नेपालका मगर लगाएत आदिवासी जनजातिहरुको सम्मानित सवालहरुलाई संस्थागत गर्ने एजेण्डालाई नजरअन्दाज गरे भने र  नयाँ संविधानमा हाम्रो मागलाई समावेस गराउनको लागि नयाँ ढँगको आन्दोलनको तयारीको विकल्प नभएको निर्णय गरियो ।

**निर्णय नं. ३**

नेपाल मगर विद्यार्थी संघको राष्ट्रिय विस्तारीत भेला २०६७ मा नेपाल मगर विद्यार्थी संघ बाग्लुङ, स्तिवन र नवलपरासी जिल्ला समितिहरुबाट उठ्न बाकी रकमको ५०% रकम मिनाह गरी बाकी रकम लिने निर्णय गरियो । यसै गरि नेपाल मगर विद्यार्थि संघको पाचौ राष्ट्रिय महाधिवेशन बाग्लुङमा देखिएको तिर्न बाकि रकम मिलान भएको र यस उपर कुनै छलफल तथा निर्णय नहुने निर्णय गरियो । त्यसै गरि नेपाल मगर विद्यार्थी संघ केन्द्रिय समितिका अध्यक्ष माधव कुमार दर्लामीमगर र सदस्य विमला पुलामी मगर नेपाल मगर संघको दशौ राष्ट्रिय महाधिवेशनबाट क्रमश सचिव र सदस्यमा निर्वाचित हुनुभएकोमा सफल कार्यकालको शुभकामना दिनृ निर्णय गरियो । यसै गरि संघको अध्यक्ष विदेश भ्रमणमा जाने हुनाले महाधिवेशनको कामलाई महीला उपाध्यक्ष, महासचिव र कोषाध्यक्षको नेतृत्वमा गर्ने निर्णय गरियो । त्यसै गरि नेपाल मगर विद्यार्थी संघको सातौ पुर्ण बैठक सम्पन्न गर्नको लागि सहयोग गर्नुहुने मा. उर्मिला थापामगर ,नेपाल मगर संघ तनहु, नेपाल मगर विद्यार्थी संघ तनहु, नेपाल मगर महीला संघ तनहु र नेपाल मगर संघ व्यास नगर समिति लगाएत सम्पुर्ण सहयोगि संस्था, व्यक्तित्व र राजनैतिक संस्थाहरुलाई धन्यावाद दिने निर्णय गरियो । नेपाल मगर विद्यार्थी संघ केन्द्रिय समितिका सचिवालय सदस्य तथा अवध भोजपुरा राज्य समिति इन्चार्ज गोविन्द पुनमगरको शुभ विवाह सम्पन्न भएकोले सुखद दाम्पत्य जिवनको शुभकामना दिने निर्णय गरियो ।

अन्तमा आलोचना तथा आत्मालोचना सहित सौहार्दपूर्ण वातावरणमा बैठक सम्पन्न भयो ।

जय मगरात

मितिः २०६८।९।१७

नरेन्द्र थापामगर
महासचिव